# सप्तकोशी नगरपालिका

# नगर सरसफाई सम्बन्धी कार्यविधि, २०७७

सप्तकोशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फत्तेपुरसप्तरी ,

कार्यपालिकाबाट स्वीकृत मिति २०७७०६/०६/

# नगर सरसफाई सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः**

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने संवैधानिक हकको व्यवस्था धारा ३० मा गरेको छ। बढ्दो सहरीकरण, अव्यवस्थित बस्ती विकास तथा सार्वजनिक स्थलको अतिक्रमणबाट सडक, गल्ली तथा धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं वातावरणीय सम्पदाको रूपमा रहेका सार्वजनिक स्थलहरू जस्तै नदी, खोला, नहर, नाला, पोखरी, ताल तलैया, पार्क, उद्यान एवं धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहर, खुला स्थान तथा अन्य सार्वजनिक स्थलको सरसफाई थप प्रभावकारी बनाई स्वच्छ, स्वस्थ, सफा, सुन्दर, सभ्य र समृद्ध नगरको पहिचान कायम गर्न स्थानीय सरकार, निजी तथा सहकारी क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज तथा आम नागरिकलाई सरसफाइको अभियानमा स्वस्फूर्त रूपमा परिचालन गरी सरसफाई कार्यक्रमलाई थप प्रभावकारी, संस्थागत एवं दिगो बनाउन वाञ्छनीय भएकोले सप्तकोशी नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ वा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण तथा उपभोग सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१

## परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "नगर सरसफाई सम्बन्धी कार्यविधि, २०७७" रहेको छ र यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कन्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो वा बाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ ।

(ख) नगरपालिका" भन्नाले सप्तकोशी नगरपालिका सम्झनु पर्छ ।

(ग) "निष्कासन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(घ) "फोहरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला

सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ङ ) "फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट हटाई सङ्कलन गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(च) "सङ्कलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

(छ) "सामाजिक अभियन्ता" भन्नाले समाज र मुलुकको विकास र संवृद्धिका लागि निःस्वार्थ र कुनै लाभको आशा नगरी स्वतस्फूर्त रूपमा सहभागी हुने नागरिकहरूको अनौपचारिक समूह सम्झनुपर्दछ ।

(ज) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामूलक टोलविकास संस्था तथा उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनुपर्दछ ।

(झ) "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन कार्य सम्झनुपर्दछ ।

(ञ) "समिति" भन्नाले यस कार्यविधिको दफा १० (२) र १० (३) बमोजिमको समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य र सञ्चालनको रणनीति

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य आफ्नो नगर क्षेत्र भित्रका सार्वजनिक स्थल तथा महत्वपूर्ण सम्पदा र खुला क्षेत्रको सरसफाईलाई व्यवस्थित बनाई स्वच्छ, सफा, स्वस्थ, सुन्दर र सभ्य नगरको पहिचान कायम गर्न सहयोग गर्नु हो । साथै अन्य उद्देश्यहरू निम्न विषयमा सहयोग गर्नु रहेको छः

(क) नदी, खोला, नहर, नाला, पोखरी, ताल तलैयालाई सफा राख्ने,

(ख) सडक, चोक, पार्क, उद्यान, चउर, खुल्ला तथा सार्वजनिक क्षेत्रको सरसफाईको उचित प्रबन्ध गर्ने,

(ग)धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरलाई सफा र सुग्घर राख्ने,

(घ) जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने,

(ङ) स्थानीय पर्यटन तथा पर्या-पर्यटन अभिवृद्धि मार्फत स्थानीय आर्थिक विकास गर्ने,

(च) सरसफाई अभियानलाई आम नागरिकको जीवनको अभिन्न अंगको रूपमा विकास गर्दै यसमा नागरिक सहभागिता अभिवृद्धि गर्ने,

(छ) आफ्नो क्षेत्रभित्रको सरसफाईमा स्थानीय सरकारको नेतृत्वदायी भूमिका स्थापित गर्दै यस अभियानमा निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सामाजिक अभियन्ता तथा आम नागरिकलाई समेत परिचालन गर्ने,

(ज) सरसफाई सम्बन्धमा विगतका प्रयासहरूलाई संस्थागत गर्दै यसलाई थप प्रभावकारी र दिगो बनाउने।

४. **सरसफाई सञ्चालनको रणनीतिः**

(१) आफ्नो नगर क्षेत्रभित्रका नदी, खोला, नाला, नहर, पोखरी, ताल तलैया, धार्मिक-सांस्कृतिक सम्पदा तथा सार्वजनिक स्थलको संरक्षण तथा संवर्द्धन स्थानीय तहको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकोले यसमा सार्वजनिक-निजी-सहकारी-समुदायको साझेदारी कायम गर्ने।

(२) सरसफाई सम्बन्धमा आम सञ्चारका माध्यम एवं अन्य विधिद्वारा जनतामा सचेतना अभिवृद्धि गर्ने।

(३) निजी क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अभिवृद्धि गरी सरसफाई क्षेत्रमा निजी क्षेत्रको लगानी विस्तार गर्ने।

(४) सरसफाईको क्षेत्रमा नागरिक समाज, सामाजिक संस्था र सामुदायिक संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्यको विकास गर्ने।

(५) सामाजिक अभियन्ताहरूको विकास र परिचालन गर्ने आदि।

## परिच्छेद-३

## सरसफाई गरिने क्षेत्र तथा सञ्चालन विधि

५. **सरसफाई गरिने क्षेत्रहरूः** यस सरसफाई अभियान अन्तर्गत नगर क्षेत्रभित्र रहेका देहायका सार्वजनिक स्थल तथा सम्पदाहरूको सरसफाई तथा संरक्षणका कार्यहरू गरिनेछः

(क) नदी, खोला, नाला, नहर, ताल-तलैया, सार्वजनिक पोखरी, सार्वजनिक धारा-पँधेरा, इनार र पानीका स्रोत;

(ख) मठ, मन्दिर, चैत्य, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक सम्पदा;

(ग) सांस्कृतिक केन्द्र, नाट्यशाला, लिपि तथा संग्रहालय जस्ता सांस्कृतिक सम्पदा;

(घ) पुरातात्विक महत्वका धरोहर तथा केन्द्र;

(ङ) ऐतिहासिक स्थल;

(च) वन्यजन्तु आरक्षण तथा अन्य प्राकृतिक सम्पदा वरिपरिको क्षेत्र;

(छ) धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक एवं अन्य धरोहर;

(ज) सडक, चोक, पार्क, उद्यान, चउर, सार्वजनिक शौचालय र खुल्ला क्षेत्र तथा अन्य सार्वजनिक क्षेत्र आदि ।

६. नगरपालिकाले आफ्नो क्षेत्र भित्र देहाय बमोजिमका अभियानहरू सञ्चालन गर्ने निर्णय गर्न सक्नेछः

- खुला दिसामुक्त क्षेत्र,
- पूर्ण सरसफाई नगर
- वातावरण मैत्री घर, टोल, वडा, नगर
- प्लास्टिक मुक्त क्षेत्र,
- सार्वजनिक स्थलमा मद्यपान, धुम्रपान, गुट्खा, सुपारी लगायत विभिन्न नशाजन्य पदार्थको सेवन निषेध गर्ने अभियान,
- फोहोर गर्नेलेनै सो को सफाई गर्ने (Polluters to Pay)
- विभिन्न उपभोग्य बस्तुहरूको उपभोग गरी विसर्जन गरिने प्याकेजिङ जन्य फोहोरहरू जथाभावी फाल्नमा रोक लगाउने
- स्रोतमै फोहोरको वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरहरू छुट्टाछुट्टै कन्टेनरमा राखी विसर्जन गर्न अनिवार्य गर्ने,
- सार्वजनिक सडक तथा पेटीमा निर्माण सामाग्री थुपार्ने, सवारी साधन तथा मेसिनरी औजार मर्मत सम्भार गर्ने कार्य पूर्णतः निषेध गर्ने,
- होर्डिङ बोर्ड, ग्लोईङ बोर्ड लगायतका विज्ञापन सामाग्रीहरू निर्धारित क्षेत्रमा सीमित गर्ने,
- निश्चित तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा अस्पताल जन्य फोहोर विसर्जन गर्न निषेध गर्ने,
- विषालु, संक्रामक, प्रज्वलनशील एवं स्वास्थ्य संस्था उद्योग तथा कलकारखानाबाट निष्कासन हुने फोहोर, कीटनाशक औषधी, समय नाघिसकेको खाद्य पदार्थ लगायतका विशेष र जोखिमयुक्त फोहोरहरूलाई साधारण फोहोरमैलासँग मिसाई निष्कासन गर्न गराउन नपाइने,

- जोखिमयुक्त फोहोरको निष्कासन, सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, बिसर्जन र ओसारपसार गर्ने व्यक्ति, निकाय र निकासीकर्ताले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी आफ्नै खर्चमा वातावरण मैत्री तरिकाले जोखिमयुक्त फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने,

**७. सरसफाई सञ्चालनका विधिः**

(१) नगरक्षेत्र भित्रका सरकारी, गैरसरकारी र निजीक्षेत्रका कार्यालय, शैक्षिक संस्था, संघ-संस्था र निकायले प्रत्येक महिनाको एक दिन अनुकूलता हेरी (जस्तै पहिलो शुक्रबार दिउसो २.००-३.०० बजेसम्म) आ-आफ्नो कम्पाउण्ड परिसर सरसफाई गरी सरसफाई अभियानलाई व्यापक बनाउने।

(२) नगर क्षेत्र भित्रका सबै शैक्षिक संस्थाहरूमा प्रत्येक महिनाको दोस्रो र चौथो शुक्रबार २.००-३.०० बजे वा शैक्षिक संस्था बन्द हुनुभन्दा १ घण्टा अगाडिको समयदेखि वा अन्य उपयुक्त समयमा शैक्षिक संस्था वरपरका आफ्नो पायक पर्ने नदी, खोला, नहर, उद्यान, पोखरी , पार्क, ताल-तलैया, खानेपानीको मुहान, धार्मिक स्थल, सडक, टोल तथा सार्वजनिक स्थलको सरसफाई कार्यक्रमहरू सञ्चालन गर्दा विभिन्न अतिरिक्त क्रियाकलापहरू जस्तै चित्रकला, वक्तृत्व कला, हाजिरजवाफ, पदयात्रा, वृक्षारोपणको माध्यमबाट वातावरणीय संरक्षण तथा सरसफाई अभियान सञ्चालन गर्ने।

(३) नगर क्षेत्र भित्रका सबै सरकारी, निजी भवन तथा कार्यालय, संघ संस्था, निकाय र परिवारले आ-आफ्नो कार्यालय भवन, घर, कम्पाउण्ड र परिसरमा बोट बिरुवा, फूल तथा गमला सहितको बगैंचा निर्माण गरी नियमित रूपमा गोडमेल तथा रेखदेख गर्ने प्रबन्ध मिलाउने।

(४) नगर क्षेत्र भित्रका सबै कार्यालय, संघ संस्था र निकायले आ-आफ्नो कार्यालय भवन, कोठा, प्यासेज, वरण्डा, छत, कम्पाउण्ड, पर्खाल लगायत आफ्नो परिसरमा फोहोरमैला, धुलो, टुटेफुटेका वा बिग्रेका सामान, कागजको टुक्रा, चुरोट, खैनी, जर्दा, सूर्तीजन्य पदार्थको प्रयोग, भित्तेलेखन, पोष्टर पम्प्लेट टाँस्ने लगायतका कार्यलाई निषेध गरी **"स्वच्छ, स्वस्थ्य, सफा र हराभरा क्षेत्र"** घोषणा गरी नियमित सरसफाई गर्ने।

(५) नगर क्षेत्र भित्रका सबै कार्यालय, संघ संस्था र निकायले मापदण्ड विपरीतका प्लाष्टिकका झोला, सिसा वा वातावरणमा प्रतिकूल असर पार्ने सामग्रीको प्रयोगलाई नियन्त्रण गरी स्थानीय स्रोतमा आधारित जैविक तथा वातावरण मैत्री विकल्पलाई

प्रवर्द्धन गर्ने तथा प्लास्टिक जन्य पदार्थ जलाउने कार्यलाई पूर्णतः निषेध गर्ने।

(६) सबै सरकारी निकाय तथा संगठित संस्थाले आफ्नो स्थापना दिवस, वार्षिकोत्सव वा यस्तै प्रकृतिका अन्य कार्यक्रम आयोजना गर्दा आफ्नो पायक पर्ने नदी, खोला, नहर, उद्यान, पोखरी, पार्क, ताल-तलैया, खानेपानीको मुहान, धार्मिक स्थल, सडक, टोल तथा सार्वजनिक स्थलको सरसफाई, वृक्षारोपण, हरियाली प्रवर्द्धन, सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रम राखी वातावरण संरक्षण तथा सरसफाई अभियान सञ्चालन गर्ने।

(७) नगरपालिकाले प्रत्येक महिनाको अन्तिम शनिवार बिहान स्थानीय बासिन्दा, समुदाय, टोल विकास संस्था, गैर सरकारी संस्था, सामुदायिक एवं व्यावसायिक संगठन एवं नागरिक समाजको नेतृत्वमा आफ्नो क्षेत्रको पायक पर्ने खानेपानीको मुहान, सार्वजनिक कुवा तथा धारा, ताल, तलैया, पोखरी नदी, खोला, धार्मिक एवं पर्यटकीय स्थल, सम्पदा क्षेत्र, सडक, पार्क, उद्यान, खुला क्षेत्र आदिको सरसफाई गर्ने व्यवस्था मिलाउने।

(८) दुई वा दुई भन्दा बढी स्थानीय तहहरूले संयुक्त रूपमा सरसफाई अभियान सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहका प्रमुखहरूले यस कार्यको संयोजन गरी सरसफाई गरिने वडाका पदाधिकारीहरूलाई संलग्न गराई कार्ययोजना बनाई सञ्चालन गर्ने व्यवस्था मिलाउने।

(९) आफ्नो घर अगाडि र वरिपरि सरसफाई गर्ने दायित्व सम्बन्धित घरधनीको समेत हुनेछ । आफ्नो घर वरिपरी सरसफाई नगर्ने वा बारम्बार फोहोर गरिरहने संस्था वा व्यक्तिलाई समितिले यस विषयमा ध्यानाकर्षण गराउन सक्नेछ। यसरी ध्यानाकर्षण गराउँदा समेत अटेर गरेमा समितिले त्यस्ता घरधनी व्यक्ति वा संस्थाहरूको नामावली कालो सूचीमा राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

(१०) नगरपालिकाले सरसफाइलाई बृहत् अभियान (Mega Event) को रूपमा सञ्चालन गर्न नवीनतम् एवं आधुनिक प्रविधि र सोच सहितको प्रस्ताव सहकारी, निजी संस्था वा व्यक्तिहरूबाट आह्वान गर्न सक्नेछ। प्राप्त प्रस्तावहरू मध्ये प्रभावकारी प्रस्तावलाई छनौट गरी प्रस्ताव पेश गर्ने सहकारी, निजी संस्था वा व्यक्तिहरूबाट सरसफाई अभियानलाई व्यवस्थित गर्ने व्यवस्था मिलाउने।

(११) सार्वजनिक मन्दिर, पाटी, पौवा, नदी, नहर, नाला जस्ता स्थल सफा गर्न क्षेत्र निर्धारण गरी सो स्थल वरिपरि बस्ने वा यस्ता स्थलसँग सम्बन्धित व्यक्तिलाई केही रकम (**Token Money**) दिएर सरसफाई गर्न लगाउने व्यवस्था मिलाउने।

(१२) सार्वजनिक मन्दिर, पाटी, पौवा, नदी, नहर, नाला जस्ता सार्वजनिक स्थलहरूको व्यवस्थापन समिति गठन भएको भए व्यवस्थापन समितिलाई सरसफाई कार्यमा विशेष ध्यान पुर्याउन पत्राचार गर्ने।

(१३) नगर क्षेत्र भित्रका सार्वजनिक मन्दिर, पाटी, पौवा, नदी, नाला जस्ता स्थलहरू सबै भन्दा बढी सफा गर्ने जिम्मेवार व्यक्ति, संस्था वा व्यवस्थापन समितिलाई यस कार्यविधिमा गठित गाउँ स्तरीय समितिको सिफारिसमा सम्बन्धित स्थानीय तहले प्रशंसा पत्र वा कदर पत्र प्रदान गरी सरसफाई कार्यलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने।

(१४) सेफ्टी ट्याङ्की,पानी निकास तथा फोहरको पृथकीकरण सम्बन्धी व्यवस्थाः

(क) सेफ्टी ट्याङ्की अनिवार्य हुनुपर्नेः नगर क्षेत्र भित्रका सबै प्रकारका भवनहरूमा सेफ्टी ट्याङ्की अनिवार्य हुनुपर्नेछ। सेफ्टी ट्याङ्कीमा प्रत्येक घर घरबाट उत्सर्जन हुने दिशा,पिसावयुक्त फोहोर जम्मा हुने अनिवार्य व्यवस्था गर्नुपर्नेछ। नयाँ भवन बनाउँदा, तला थप गर्दा, निर्माण सम्पन्नताको प्रमाणपत्र लिँदा वा अन्य सेवा प्राप्त गर्न सेफ्टी ट्याङ्की निर्माण तथा प्रयोग भैरहेको छ भन्ने सुनिश्चिता हुने व्यवस्था गर्ने।

(ख) पानीको शुद्धिकरण गरेर मात्र निकास गुर्नपर्नेः शौचालय बाहेक अन्य घरायसी प्रयोगहरू- लुगा धुने,खाद्य सामग्री सफा गर्ने,भान्छा तथा अन्य कोठाहरू सफा गर्ने समेतका कार्यहरूबाट निष्कासित हुने पानीलाई आफ्नो घर कम्पाउण्ड भित्र मंगाल बनाई शुद्धिकरण गरेर मात्र सार्वजनिक निकासमा समाहित गर्ने व्यवस्था मिलाउने।

(ग) फोहोरको पृथकीकरण गर्नुपर्नेः नगर क्षेत्रभित्र उत्पादन हुने फोहोरलाई जैविक र अजैविक गरी कम्तीमा २ वर्गमा पृथकीकरण गर्नु प्रत्येक फोहोर उत्पादकको कर्तव्य हुनेछ। फोहोरको प्रकृतिका आधारमा सो भन्दा बढी वा विशिष्टीकृत ढंगले पृथकीकरण गर्न आवश्यक देखिएमा सो को विधि र प्रक्रिया तोकी पृथकीकरण गर्न समितिको परामर्श समेतको आधारमा सम्बन्धित स्थानीय तहले निर्देशन दिने व्यवस्था मिलाउने।

(१५) घरको छतको पाईपबाट घर अगाडि रहेको सडकमा पानी खसाली बाटो फोहोर पार्ने कार्यलाई दुरुत्साहन गर्न यस्तो पानी मंगालमा खसाउने प्रबन्ध मिलाउने।

(१६) जैविक फोहोरलाई मलको रूपमा ऊर्जामा रूपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्न यस सम्बन्धी ठोस नीति तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाउने । जैविक फोहोरलाई ऊर्जामा रूपान्तरण गर्ने नवीनतम् सोचलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

(१७) आकाशबाट खसेको पानीलाई सङ्कलन गरी प्रयोग गर्ने, जैविक फोहोरलाई मल बनाई भवनको छत, वरण्डा, भुई वा भवन परिसरको उपयुक्त स्थानमा गमला वा कुनै भाँडोमा तरकारी खेती, फलफूल खेती वा हरियाली क्षेत्र बनाउने कौशी खेती लगायतका प्रविधिहरूलाई प्राथमिकता दिने व्यवस्था मिलाउने।

## परिच्छेद-४

## सरोकारवाला निकाय र भूमिका

**८. सरोकारवाला निकायहरूः** सरसफाई एक बृहत् अभियान भएको हुँदा यसमा स्थानीय सरकारदेखि आम नागरिकको सक्रिय सहभागिता, क्रियाशीलता र निरन्तरता आवश्यक देखिन्छ। विगतको अनुभव र स्थानीय वस्तुस्थितिलाई मध्येनजर गर्दा आफ्नो नगर क्षेत्र भित्रको सरसफाई अभियानमा नगरपालिकाले समग्र नेतृत्व लिई यस कार्यमा सबै सरकारी कार्यालयहरू, सुरक्षा निकाय, शैक्षिक संस्था, गैर सरकारी संस्था, टोल विकास संस्था एवम् आमा समूह जस्ता सामुदायिक संस्था, सहकारी संस्था व्यावसायिक संस्था, आम सञ्चार, नागरिक अगुवा, सामाजिक अभियन्ता, जागरूक नागरिक आदि जस्ता सरोकारवालाहरू सँग सहकार्य र समन्वय गर्नु पर्दछ।

**९. सरसफाइमा संलग्न हुने निकायहरूको प्रमुख भूमिकाः**

(१) सरसफाई कार्यमा संलग्न हुने सरोकारवाला निकाय तथा पक्षहरूको तुलनात्मक प्रतिस्पर्धा एवं विशिष्टतालाई मध्येनजर गर्दै सरसफाइका कार्यक्रम सबै पक्षहरूको सहकार्य र समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(२) स्थानीय सरसफाई अभियानमा संलग्न हुने निकायहरूको प्रमुख जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाः सरसफाई अभियानको समग्र नेतृत्व तथा संयोजन, सरसफाई सम्बन्धी नीति तर्जुमा, स्वास्थ्य, खानेपानी तथा सरसफाई क्षेत्रमा लगानी, सार्वजनिक सम्पत्ति तथा स्थलहरूको संरक्षण, फोहोरमैला व्यवस्थापन,
खुल्ला दिशा मुक्त तथा पूर्ण सरसफाई युक्त नगरको घोषणा

र दिगोपना, सडक छेउछाउमा हरियाली प्रवर्द्धन, एक वडा/टोल एक सार्वजनिक उद्यानको विकास, सरसफाइसम्बन्धी सचेतना अभिवृद्धि आदि।

(ख) अन्य सरकारी कार्यालयहरूः स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन, कार्यालय परिसर सरसफाई, कार्यालयहरूमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण र समुदाय परिचालन आदि।

(ग) सुरक्षा निकायः कार्यालय परिसर सरसफाई, कार्यालयहरूमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाई सम्बन्धमा समुदायसँग समन्वय आदि।

(घ) निजी व्यावसायिक संघसंस्था, कार्यालय परिसर सरसफाई, कार्यालयहरूमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत सरसफाई क्षेत्रमा लगानी, सरसफाई अभियानमा सहकार्य।

(ङ) सहकारी संघसंस्था; कार्यालय परिसर सरसफाई, कार्यालयहरूमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत सरसफाई क्षेत्रमा लगानी, सरसफाई अभियानमा सहकार्य।

(ङ) गैर सरकारी संघ संस्थाः समुदाय परिचालन, सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन, सरसफाईको क्षेत्रमा लगानी, कार्यालय परिसर सरसफाई, कार्यालयहरूमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाई अभियानमा सहकार्य आदि।

(च) सामुदायिक संस्थाः सामुदायिक परिचालन, सचेतना अभिवृद्धि, सञ्जाल विस्तार, सरसफाई अभियानमा सहकार्य आदि।

(छ) नागरिक समाजः सामाजिक परिचालन, सचेतना अभिवृद्धि, ऐक्यवद्धता विकास, निगरानी, सरसफाई अभियानमा सहकार्य आदि।

(ज) सञ्चार माध्यमः सूचना सम्प्रेषण, सचेतना अभिवृद्धि, निगरानी, सरसफाई अभियानमा सहकार्य आदि।

(झ) शैक्षिक संस्थाः सचेतना अभिवृद्धिका, समाजमा सरसफाईको संस्कारको विकास, शैक्षिक संस्था परिसर सरसफाई, बगैंचा, हरियाली तथा सौन्दर्यकरण, सरसफाई अभियानमा सहकार्य आदि।

(ञ) सचेत नागरिकः सरसफाईको संस्कारको विकास र पालना, सरसफाई अभियानमा स्वस्फूर्त परिचालन र ऐक्यवद्धता, आफ्नो घरको हरियाली तथा सौन्दर्यकरण, घर भित्रबाट निस्कने फोहोरको वर्गीकरण तथा कुहिने फोहोरको स्रोतमा न्यूनीकरण आदि।

## परिच्छेद-५

## संस्थागत प्रबन्ध एवं काम, कर्तव्य र अधिकार

**१०. संस्थागत प्रबन्ध एवं काम, कर्तव्य र अधिकारः**

(१) नगर क्षेत्र भित्र सरसफाई कार्यक्रममा आवश्यक नेतृत्व, समन्वय तथा सहजीकरण गरी सरसफाई अभियानलाई दिगो र संस्थागत गर्नका लागि नगर स्तरमा एवं वडा स्तरीय सरसफाई समिति गठन गरिनेछ।

(२) नगर स्तरीय सरसफाई अभियान समितिको गठन र काम कर्तव्य एवं अधिकार निम्नानुसार हुनेछः

**(क) समितिको गठनः**

| | |
|---|---|
| प्रमुख, नगरपालिका | -संयोजक |
| उप-प्रमुख, नगरपालिका | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका | -सदस्य |
| संयोजक, सामाजिक विकास समिति (नगर सभा) | -सदस्य |
| प्रमुख, सुरक्षा निकाय (स्थानीय तहमा रहेका इकाई) | -सदस्य |
| सभापति, स्थानीय उद्योग वाणिज्य संघ | -सदस्य |
| सभापति, स्थानीय पत्रकार महासंघ/सक्रिय पत्रकार १ जना | -सदस्य |
| प्रमुख, रेडक्रस ईकाई | -सदस्य |
| प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति/प्रधानाध्यापक | -सदस्य |
| सरसफाई क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रमुख-१ जना | -सदस्य |
| सरसफाईको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने समितिले तोकेको महिला सहित कुनै २ जना सामाजिक अभियन्ता | -सदस्य |
| प्रमुख, सामाजिक विकास शाखा, नगरपालिका | -सदस्य-सचिव |

समितिले आवश्यक ठहर्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सक्नेछ।

**(ख) समितिको प्रमुख काम कर्तव्य र अधिकारः**

(१) नगरस्तरीय सरसफाई नीति तर्जुमा गर्ने,

(२) सरसफाई कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्र पहिचान तथा सो सम्बन्धी योजना तर्जुमा गर्ने,

(३) सरसफाईका अभियानहरू सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(४) विभिन्न संघ संस्था तथा निकायद्वारा गरिने सरसफाई कार्यक्रममा समन्वय गर्ने,

(५) वडास्तरीय सरसफाई समितिको कार्यमा आवश्यक सहयोग, समन्वय र अनुगमन गर्ने,

(६) नगरस्तरीय सरसफाईको कार्यक्रम र समग्र स्थितिको अनुगमन गरी वार्षिक प्रतिवेदन नगरसभामा पेश गर्ने आदि।

(३) वडास्तरीय सरसफाई अभियान समितिको गठन र काम कर्तव्य एवं अधिकार निम्नानुसार हुनेछः

(क) समितिको गठनः

| | |
|---|---|
| वडा अध्यक्ष | -संयोजक |
| वडा सदस्यहरू | -सदस्य |
| वडा सचिव | -सदस्य |
| स्रोत व्यक्ति | -सदस्य |
| प्रमुख, सुरक्षा निकाय (स्थानीय तहमा रहेका इकाई) | -सदस्य |
| सञ्चारकर्मी | -सदस्य |
| सरसफाई क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रतिनिधि-२ जना | -सदस्य |
| प्रतिनिधि, वडा अन्तर्गत विद्यालय व्यवस्थापन समिति/प्रधानाध्यापक | -सदस्य |
| सरसफाईको क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने समितिले तोकेको महिला सहित कुनै १ जना सामाजिक अभियन्ता | -सदस्य |
| प्रमुख, स्वास्थ्य ईकाई | -सदस्य-सचिव |

समितिले आवश्यक ठहर्‍याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सक्नेछ।

(ख) समितिको प्रमुख काम कर्तव्य र अधिकारः

(१) वडास्तरीय सरसफाई नीति र योजना तर्जुमा गर्ने,

(२) सरसफाईका अभियानहरू सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(३) विभिन्न संघ संस्था तथा निकायद्वारा गरिने सरसफाई कार्यक्रममा समन्वय गर्ने,

(४) वडास्तरीय सरसफाईको कार्यक्रमको अनुगमन गरी वडामा सो सम्बन्धमा छलफल गर्ने आदि।

## परिच्छेद-६

## स्रोत परिचालन र खर्चः

**११. स्रोत परिचालनः**

(१) नगरपालिकाले आफूलाई प्राप्त समानीकरण अनुदान, राजश्व बाँडफाँट तथा आफ्नो आन्तरिक आयबाट सरसफाईको क्षेत्रमा न्यायोचित रूपले बजेट विनियोजन गर्नुपर्नेछ।

(२) नगरपालिकाले आफ्नो आय तथा अन्य निकायबाट प्राप्त हुने सहयोगलाई समेत समावेश गरी एकीकृत रूपमा स्रोत परिचालन गर्न सरसफाईको लागि छुट्टै कोष सिर्जना गरी स्रोत परिचालन गर्न सक्नेछ।

(३) नगरक्षेत्र भित्रमा गरिने सरसफाईका कार्यक्रमलाई मितव्ययी, प्रभावकारी एवं एकीकृत ढंगमा सञ्चालन गर्नका लागि यस क्षेत्रमा कार्य गर्ने संघ-संस्थाहरूको कार्यक्रम नगरपालिकाको वार्षिक योजना प्रणालीमा समावेश गरिनेछ। यस्ता एकीकृत कार्यक्रमहरूको नेतृत्व नगरपालिकाले गर्नेछ। यस प्रयोजनका लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सरसफाई सम्बन्धी काम गर्ने निजी सहकारी सबै संस्थाहरू र तिनिहरूको क्रियाकलापको अभिलेख राख्नु पर्नेछ।

(४) सरसफाईको क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक साझेदारीको नीति अवलम्बन गरिनेछ।

**१२. खर्च :**

(१) नगरपालिकाले सरसफाई कार्यक्रममा विनियोजन भएको बजेट खर्च गर्दा प्रचलित नियमानुसार गर्ने, खर्चको लेखांकन राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखा परीक्षण गराउनु पर्नेछ।

(२) यस क्षेत्रमा खर्च गर्दा खर्चमा दोहोरोपना नपर्ने गरी अन्य निकायहरूसँग समेत समन्वय गरी प्राप्त स्रोतको मितव्ययी रूपमा परिचालन गर्नुपर्नेछ ।

(३) नगरपालिकाले सरसफाईको क्षेत्रमा भएको खर्चको नियमित रूपमा प्रतिवेदन तयार गरी नगर सभा लगायत सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

## परिच्छेद-७

## कसुर उपर दण्ड सजाय

१३. **कसुर उपर दण्ड सजायः** यस कार्यविधिमा उल्लिखित विषय विपरीत कार्य गरेमा वा अन्य प्रचलित कानुनमा लेखिएका सरसफाई सम्बन्धी विपरीत कार्य गरेमा प्रचलित कानुन वा स्थानीय कानुन बमोजिम दण्ड सजाय हुनेछ।

## परिच्छेद-८

## विविधः

१४. **कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ।

१५. **कार्यविधि संशोधनः** यस कार्यविधिका प्रावधानहरूमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

१६. **बाधा अड्चन फुकाउः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ।